असल छिमेकी नेपाल
Asal Chhimekee Nepal



The Social Initiative of Pokhara Christian Community

# 2025 ANNUAL REPORT

## वार्षिक प्रतिवेदन २०८१/०८२








| | |
|---|---|
| VISION (दूरदृष्टि) | A Transformed Society<br>रूपान्तरित समाज |
| MISSION (संस्थाको परिलक्ष्य) | Empowering Communities<br>समुदायको क्षमता अभिवृद्धि |
| APPROACH (तरिका) | Integral and Participatory<br>सर्वाङ्गीण र सहभागिता |

## VALUES OF ACN
## मूल्य मान्यता

**A**TTITUDE (सोचाइ)

**S**HARING (बाँड्नु)

**A**CTION (कदम)

**L**OVE (प्रेम)



# विषय सूची


| | |
|---|---|
| परिचय | २ |
| संस्थाको कार्यकारिणी समिति, संस्थाको सङ्गठनात्मक संरचना | ३ |
| अध्यक्षको मन्तव्य | ४ |
| सचिवको वार्षिक प्रतिवेदन | ५ |
| धन्यवादका शब्दहरू | ६ |
| यस वर्षको झलकहरु | ७ |
| आर्थिक वर्ष २०८१/८२ का मुख्य उपलब्धिहरूको सिंहावलोकन | ८ |
| १. शान्तिपूर्ण र समावेशी समाज प्रवर्द्धन | ९–१० |
| २. स्वस्थ तथा समृद्ध जीवन | ११–१४ |
| ३. समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा | १५–१६ |
| ४. विपद् प्रतिकार्य सहयोग | १७–२८ |
| आन्तरिक र बाह्य अनुगमन तथा मूल्याङ्कन साथै अन्य कार्यक्रमका झलकहरू | २९ |
| कोषाध्यक्षको प्रतिवेदन | ३० |
| आर्थिक प्रतिवेदन २०८१/८२ | ३१–३६ |
| प्रशासन तथा वित्त विभाग | ३७ |
| योजना, अनुगमन, मूल्याङ्कन तथा सञ्चार | ३८ |
| योजना तथा बजेट आ. व. २०८२/२०८३ | ३९ |
| पत्रपत्रिकामा प्रकाशित समाचारहरू | ४० |



यस प्रतिवेदनमा प्रकाशित सामग्रीहरू सम्बन्धित व्यक्ति तथा निकायसँगको पूर्व स्वीकृतिमा प्रकाशन भएका छन् ।




# परिचय



असल छिमेकी नेपाल (ACN) २०५९ सालमा पोखरेली ख्रीष्टिय समुदायद्वारा स्थापित, विश्वासमा आधारित सामाजिक गैरसरकारी संस्था हो । विपन्न, सीमान्तकृत र असहायहरूको जीवनमा प्रेम र करुणासहित सेवा गर्ने उद्देश्यले सुरु गरिएको यो सानो पहल आज एउटा समग्र संस्था भएर विकास भइसकेको छ, जसको मूल ध्येय रूपान्तरण, सशक्तीकरण र दिगोपनमा केन्द्रित छ ।

विगत दुई दशकदेखि असल छिमेकी नेपालले पोखराबाट सुरु भएको सेवा बिस्तार गरी गण्डकी प्रदेशका विभिन्न जिल्ला तथा अन्य क्षेत्रमा पनि सेवा पु¥याएको छ । गरिब, सीमान्तकृत अवस्था मात्र नभई, विपद्का कठिन क्षणहरूमा पनि, विशेषगरी २०७२ सालको महाभूकम्पपछि, असल छिमेकी नेपाल विपद् प्रतिकार्यका कार्यहरू, पुनर्स्थापना र दीर्घकालीन विपद् व्यवस्थापन मार्फत समुदायसँग उभिँदै आएको छ ।

आज असल छिमेकी नेपालले समाज कल्याण परिषद्मा आवद्ध रहेर विभिन्न सामाजिक सेवाका कार्यहरू सञ्चालन गर्दै आइरहेको छ । संस्थाले विगत दुई दशकदेखि दिगो विकासका लक्ष्यहरूमध्ये १, २, ३, ४, ५, ६, ८, १०, ११, १३ र १६ मा केन्द्रित भई विभिन्न दातृनिकाय तथा व्यक्तिहरूबाट प्राप्त स्रोत र साधनको अधिकतम प्रयोग गर्दै गरिब तथा सीमान्तकृत समुदायको सकारात्मक परिवर्तन तथा विपद् प्रतिकार्यहरूद्वारा अति प्रभावित समुदायहरूमा सबै भन्दा बढी जोखिममा रहेका समूह तथा वर्गहरूको आवश्यकतालाई सम्बोधन गर्ने प्रयास गरिरहेको छ । कास्की, पूर्व र पश्चिम नवलपरासी, गोरखा, तनहुँ, म्याग्दी, रुकुम र जाजरकोट जिल्लामा समुदाय सशक्तीकरण तथा जीविकोपार्जन, निरन्तर शिक्षा, समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा, स्वास्थ्य सचेतना तथा प्रवर्द्धन, नवजीवन (महिलाहरूका लागि उपचार तथा पुनर्स्थापना कार्यक्रम) र विपद् प्रतिकार्य जस्ता कार्यक्रमहरु सञ्चालन गर्न संस्था सफल भएको छ । यसका साथै असल छिमेकी नेपालले विपद्को अवस्थामा नेपालका जुनसुकै जिल्लामा रहेर कार्य गर्ने गरेको छ ।

## संस्थाको कार्यकारिणी समिति

आर्थिक वर्ष २०८१/०८२ मा संस्थाको कार्यकारिणी समितिको बैठक ६ पटक बसेको छ । संस्थाको कामलाई छिटोछरितो रूपमा निर्णय तथा कार्यान्वयन गर्नका लागि कार्यकारिणी समिति मध्येबाट बनेको 'सपोर्ट समूह' को बैठक यस आ.व.मा ३२ पटक बसेको छ । यसरी समूहबाट गरिएका निर्णयहरू कार्यकारिणी समितिको बैठकबाट अनुमोदन तथा पारित गरिएको छ । संस्थाले गर्दै आएका कामकारबाहीहरूको प्रत्यक्ष स्थलगत अवलोकन, कार्यक्रमहरूको प्रभावकारिता सन्दर्भमा सम्बन्धित लाभग्राहीहरू र विभिन्न सरोकारवाला निकायहरूसँग अन्तरक्रिया तथा कर्मचारीहरूको कार्यशैलीको अनुगमन विभिन्न चरणहरूमा भएको थियो ।

गत वर्ष देखि ३ वर्षका लागि कार्यकारिणी समिति तथा सल्लाहकारको जिम्मेवारी सम्हाल्नुभएको छ :

## कार्यकारिणी समिति

अध्यक्ष : श्री मुक्ति नाथ ढकाल
उपाध्यक्ष : श्री प्रकाश घर्ती
सचिव : श्री तिल बहादुर गिरी
कोषाध्यक्ष : श्री प्रकाश क्षेत्री
सदस्य : श्री भविन्द्र राना
सदस्य : श्री पीयूष कायस्थ
सदस्य : श्री अम्बर बहादुर तामाङ
सदस्य : श्री प्रकाश श्रेष्ठ
सदस्य : श्री होम बहादुर तामाङ
सदस्य : श्री दुर्गा गुरुङ
सदस्य : श्री सिमा पौडेल रोकाहा

## सल्लाहकार

श्री भरत बहादुर गुरुङ (निवर्तमान अध्यक्ष)
डा. दीपेन्द्र कुमार गौतम
श्री हरिराम घिमिरे
श्री कृष्ण प्रसाद त्रिपाठी
श्री ग्रीष्म केशव पराजुली
श्री रामप्रसाद शर्मा (अध्यक्ष, पो.ख्री.स)

## सपोर्ट समूह

संयोजक : श्री प्रकाश घर्ती (उपाध्यक्ष, कार्यकारिणी समिति)
सदस्य : श्री तिल बहादुर गिरी (सचिव, कार्यकारिणी समिति)
सदस्य : श्री प्रकाश क्षेत्री (कोषाध्यक्ष, कार्यकारिणी समिति)
सदस्य : श्री हरिराम घिमिरे (सल्लाहकार, कार्यकारिणी समिति)

## संस्थाको संरचनात्मक संरचना

### ACN Functional Organogram



## अध्यक्षको मन्तव्य



आज भन्दा करिब २३ बर्ष अगाडि पो. ख्री. समुदायले समाजमा सामाजिक सेवा गर्ने उद्देश्यले प्रेरित भई असल छिमेकी नेपालको स्थापना गरी समाजमा भएका विपन्न, सिमान्तकृत, ओझेलमा परेका वर्गहरुका लागि लक्षित गरी विशुद्ध सामाजिक कार्य गर्ने उद्देश्यका साथ वि.सं. २०५९ माघ ३ गते एक गैरसरकारी संस्थाको रुपमा दर्ता भई आफ्नो सेवाको कार्य निरन्तर अगाडि बढाउन सफल भएको छ । स्थापना कालमा रु. २६,००० को वार्षिक बजेट र तनहूँको ओडारे भन्ने ठाउँमा चेपाङ्ग समुदायलाई लक्षित गरी तलादी खानेपानी आयोजना G.R. Nepal को आर्थिक सहयोगमा पहिलो योजना सम्पन्न गरी हाल आएर आफ्नो सेवालाई विस्तार गरी करिब ९ करोड वार्षिक योजना सहित बजेट बनाई कार्य गर्न सफल भएको छ । यसको पछाडि परमेश्वरको आशिषको हात रहेको छ । १ जना कर्मचारीबाट सेवा शुरु गरी आज ५४ जना कार्मचारीहरु सेवारत छन् । ACN ले शुरुमा पोखरा–१, सिमपानीमा मुख्य कार्यलय रहि समुदाय सेवालाई, छिटो, छरितो र प्रभावकारी रुपमा सेवा प्रदान गर्ने उद्देश्यले कार्यक्षेत्र नवलपरासी पूर्व र पश्चिम गोरखा, जाजरकोट, रुकुममा समेत सम्पर्क कार्यलय स्थापना गरी सेवा प्रदान गर्न सफल भएको छ भने प्रकोपको क्षेत्रमा १४ भन्दा बढी जिल्लामा प्रत्यक्ष सेवा पुऱ्याएको छ । नवजीवन कार्यक्रम अन्तर्गत कुलतमा फसेका महिलाहरुलाई आवासीय कार्यक्रम मार्फत सेवा प्रदान गरी धेरैजनालाई नरकिय जीवनबाट असल जीवन जीउन सक्षम बनाउन सफल भएको छ । बर्सा परियोजना अन्तर्गत धेरैजना, किशोरी र महिलाहरुलाई जनचेतना गराई चेलीबेटी बेचविखन हुनबाट केही हद सम्म सफल भएको छ । विपद् प्रभावित समुदायमा आवश्यक राहत र पुनर्निर्माणको क्षेत्रमा महत्वपुर्ण योगदान पुऱ्याउन सफल भएको छ । हालसालै जाजरकोटको नलगाढ न.पा. मा भुकम्प प्रभावितलाई १० वटा घर बनाई स्थानिय सरकार मार्फत सम्बन्धित व्यक्तिलाई घर हस्तान्तरण गर्न समेत सफल भएको छ ।

युवाहरुलाई आफ्नै देशमा रहि आत्मनिर्भर भई स्वदेशमा नै केहि गरुन् भन्ने उद्देश्यले युवा स्वरोजगार कार्यक्रम गरी उनीहरुको हातमा सीप प्रदान गरी जीविकोपार्जन गर्नका लागि सीप अनुसार आवश्यक औजारहरु पनि वितरण गरी उनीहरुलाई आत्मनिर्भर बनाउन सफल भएको छ । (जस्तैः बिजुली तालिम, मोबाइल मर्मत तालिम, व्यवसायीक तालिम, डकर्मी तालिम, प्लम्बिङ्ग तालिम, कुक र वेटर तालिम, कृषि तालिम, पशुपालन तालिम आदी ।)

माथिका सम्पुर्ण कार्यक्रमहरुको उपलब्धी हासिल गर्न सक्नुका पछाडि सिंङ्गो पो.ख्री समुदायका ६१ वटा चर्चहरुको प्रार्थना, नेतृत्व तहमा सहभागिता, स्वयम् सेवकहरुको उपलब्धता, समर्पणता साथै आर्थिक योगदान नै छ । साथै सरकारी निकायबाट सकरात्मक सहयोग, दातृ निकायबाट पूर्ण रुपमा भरोसा र सहयोगको, अहोरात्र खट्ने दक्ष कार्मचारीहरु, सशक्त कार्य समिति (बोर्ड) प्रति आभार तथा कृतज्ञताका साथ सराहना गर्दछु । संस्थाको स्तरोन्नती गर्न र समुदायको सेवालाई थप प्रभावकारी रुपमा अगाडि बढाउन लामो समयको प्रार्थना र अथक परिश्रम पछि पोखरा–११, मा १९ आना जग्गा खरिद गरी समुदाय सेवा केन्द्र भवन (मिसन भवन) निर्माणको लागि यस वर्षबाट कार्य सुरु गर्ने योजना पनि संस्थाको रहेको छ । यसका लागि वडा र नगरपालिकाबाट भवन निर्माण गर्न स्वीकृति पनि पाइसकिएको छ । भवन निर्माणको लागि लाग्ने रकमको ५० % कोष उठाउनु पर्ने, खोज्नु पर्ने देखिन्छ । यसका लागि सिंङ्गो पो.ख्री. समुदायलाई प्रार्थनाको अनुरोध पनि छ ।

अन्त्यमा २३ औं वार्षिक साधारण सभाको अवसरमा आजका प्रमुख अतिथी, संस्थाको लागि अभिभावकत्व प्रदान गर्ने पो.ख्री. समुदाय अतिथि, साथै यस संस्थाका आजीवन तथा साधारण सदस्यहरु, कार्य कारिणी समितिका सम्पुर्ण पदाधिकारी एवं सदस्यहरु, सल्लाहकार ज्यूहरु अहोरात्र खटिएर काम गर्नुहुने कर्मचारी निर्देशक एवं सम्पूर्ण ५४ जना कर्मचारीहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने स्वदेशी तथा विदेशी दातृ निकायहरु, सहयोगी संघ संस्थाहरु, स्थानिय सरकारी निकायहरु समाज कल्याण परिषद् लगायत सरोकारवालाहरु प्रति सबै मा हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !

**मुक्ति नाथ ढकाल**
**अध्यक्ष**

## सचिवको मन्तव्य



गण्डकी प्रदेशको राजधानी पोखरामा अवस्थित पोखरेली ख्रीष्टिय समुदायको पहलमा सामाजिक सेवा गर्ने उद्देश्य लिएर वि.सं. २०५९ सालमा एक गैरसरकारी संस्थाको रूपमा दर्ता भएको यस असल छिमेकी नेपालको २३ औँ वार्षिक सभामा उपस्थित यस सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथि, संस्थाका आजीवन सदस्यहरू, साधारण सदस्यहरू, कार्यकारिणी समितिका सम्पूर्ण पदाधिकारीहरू, सल्लाहकारज्यूहरू संस्थाका निर्देशक एवम् सम्पूर्ण कर्मचारीहरूमा हार्दिक अभिवादन गर्न चाहन्छु ।

संस्थाले आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न परियोजनाहरू सञ्चालन गर्दै आइरहेको कुरा हामी सबैमा अवगत नै छ । संस्थाको मुख्य कार्यालय पोखरामा रहेको भएतापनि संस्थाका कार्य वा परियोजना क्षेत्रहरू नवलपरासी पूर्व र पश्चिम, गोरखा, जाजरकोट, रुकुम पश्चिम, तनहुँ, म्याग्दी, रौतहट लगायतका जिल्लाहरूमा नियमित तथा विपद् प्रतिकार्यका कार्यहरू गर्दै आएको छ । स्थापनाकालमा सानो बजेट र केही साना–साना कार्यक्रमहरूबाट सेवाको सुरुआत गरिएको भएतापनि आज यस संस्थाले करोडौंको परियोजनाहरू सञ्चालन गर्दै आएको छ ।

हालमा समुदाय सशक्तीकरण, जीविकोपार्जन विकास, स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, नवजीवन, युवाहरूका लागि सिप विकास तथा क्षमता अभिवृद्धि, अपाङ्गता केन्द्रित जीविकोपार्जन, विपद् प्रतिकार्य तथा पुनर्लाभ सहयोग, भूकम्प प्रभावितका लागि राहत तथा पुनर्निर्माण, मानव बेचबिखनविरुद्ध सचेतना तथा स्वास्थ्य प्रवर्द्धन आदि परियोजनाहरू यस संस्थाले गर्दै आइरहेको छ । यी परियोजनाहरू सञ्चालनका लागि व्यक्तिगत तथा संस्थागत सहयोगी दाताहरूको प्रत्यक्ष सहयोग प्राप्त भएको छ ।

संस्थाका यी परियोजनाहरू सञ्चालनका लागि सल्लाहकारसहित कार्यकारिणी समितिको बैठक यस वर्षमा ६ पटक साथै संस्थाको कार्य छिटोछरितो हुन सकोस् भनी आवश्यकतानुसार ३२ पटक सपोर्ट समूहको बैठक बसेको छ । यसबारेमा संस्थाका कार्यकारी निर्देशकज्यूले प्रस्तुत गर्नुहुने प्रतिवेदनबाट अझै प्रस्ट हुनेछ ।

अन्तमा, संस्थाको अभिभावकत्वको भूमिका पूरा गरिदिनुहुने पोखरेली ख्रीष्टिय समुदाय, आजीवन सदस्यहरू, सम्पूर्ण साधारण सदस्यज्यूहरू, कार्यकारिणी समितिका पदाधिकारी एवम् सल्लाहकारज्यूहरू, सम्पूर्ण दातृ निकायहरू, जिल्ला प्रशासन कार्यालय कास्की, पोखरा महानगरपालिका, सम्पूर्ण परियोजना क्षेत्रका सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू, सम्बन्धित स्थानीय निकायहरू, समाज कल्याण परिषद् र अहोरात्र खटिएर कार्य गर्नुहुने संस्थाका ५४ जना कर्मचारीहरूप्रति संस्था र संस्थाको सचिवको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु । धन्यवाद !

**तिल बहादुर गिरी**
**सचिव**

## धन्यवादका शब्दहरु



असल छिमेकी नेपालको साधारणसभामा उपस्थित सम्पूर्णमा हार्दिक अभिवादन !

संस्थाको २३औं साधारणसभाको कार्यक्रम भइरहँदा, संस्थालाई यहाँसम्म आउनका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउनुहुने सबैप्रति मेरो मन कृतज्ञताले भरिएको छ र सबैलाई धन्यवाद भन्न चाहन्छु ।

पोखरेली ख्रीष्टिय समुदायअन्तर्गतका चर्चहरू, अरु चर्चहरू, नेतृत्व वर्ग, यसअन्तर्गतका दिदीबहिनी सङ्गति, युवा सङ्गति, स्वयम्सेवकहरू सबैको मार्गनिर्देशन, आर्थिक सहित कार्य सम्पादनमा सहभागिता र प्रार्थनाको लागि धन्यवाद छ ।

यसरी नै संस्थासँग सरोकार राख्ने सरकारी तथा गैर–सरकारी नियमनकारी निकाय तथा आवद्ध व्यक्तित्वहरूप्रति यहाँहरूको सुझाव, रायसल्लाह, चासो तथा संस्थाको कार्य सम्पादनमा सहजीकरण गरिदिनुभएकोमा हार्दिक धन्यवाद भन्दछु । यसरी नै संस्थाका केन्द्रविन्दु मानिने सम्पूर्ण सेवाग्राही, समुह, समुदाय र सबै प्रति आभार व्यक्त गर्दछु ।

संस्थाको कार्यकारिणी समिति, सल्लाहकार तथा संस्थाका साधारण तथा आजीवन सदस्य, मानार्थ सदस्यहरूप्रति, यहाँहरूले दिनुभएको सबल नेतृत्व र उत्साहका लागि धन्यवाद छ ।

विपन्न अवस्थामा रहेका, विभिन्न समस्यामा जकडिएको समुदाय तथा समूहको रूपान्तरणको दर्शनमा साझेदार भई प्राविधिक तथा आर्थिक स्रोतसाधन उपलब्ध गराएर सहयोग गर्ने, देशभित्र र अन्तर्राष्ट्रिय जगत्का साझेदार दातृनिकायहरूप्रति, उनीहरूले हामीमाथि गरेको भरोसासहितको सहयोगका लागि हार्दिक धन्यवाद छ ।

संस्थाको दर्शनलाई आफ्नो दर्शन ठानेर, सबै खालको परिस्थितिमा निरन्तर खटिने एसीएनका कर्मचारी सहकर्मी टिमलाई पनि धेरै धन्यवाद छ । लक्षित समुदायसँग तपाईंहरूको प्रत्यक्ष सम्बन्ध र जीवन रुपान्तरण, तपाईंको परिश्रमले नै यो सबै सम्भव भएको हो ।

हामीले गर्दै आएका नियमित कार्यबाहेक यस वर्ष हामीलाई देशबाहिर, म्यानमारमा गत मार्च २८, २०२५ मा गएको ७.६ को भूकम्प प्रतिकार्यका लागि सहजीकरण गरी स्थानीय समुदायसँग मिलेर आपतकालीन अवस्थामा जीवन निर्वाहका सामग्री तथा आवास पुनर्निर्माणमा सहभागी हुने अवसर मिल्यो । यसरी समुदायदेखि समुदायसम्मको सहयोग आदानप्रदानको थालनी भएको छ ।



भविष्यप्रति हामी आशामुखी छौं । समय र परिवेश अनुसार संस्थाले पनि आफूलाई समायोजन गर्दै र अगाडि आएका अवसरहरूलाई उपयोग गर्दै नेतृत्व व सचेत भएर युवा पुस्तालाई बढीभन्दा बढी सहभागी गराई अगाडि बढ्नुपर्ने छ । यसका लागि हामी सबैको तर्फबाट प्रार्थना, सहभागिता, सहयोग, साझेदा र नेतृत्व प्रदान हुनेछ भन्ने कुरामा म विश्वस्त छु । यहाँहरूबाट मलाई प्राप्त भरोसा र सबै सहयोगका लागि हार्दिक नमन व्यक्त गर्दछु । संस्थाको गत व कार्यहरू, कार्य सम्पादनको पक्ष र आर्थिक पक्षलाई यस प्रतिवेदनले प्रस्ट्याउने छ भन्ने आशा लिएको छु । परमेश्वरले हामी सबैलाई आशीर्वाद दिनुभएको होस्

**राजेन्द्रकुमार अधिकारी (राजु)**
**कार्यकारी निर्देशक**







# हामी
# WE ARE




# असल
# ASAL





# छिमेकी
# CHHIMEKEE








२०८१/८२ मा गरिएका कार्यहरुको

# सिंहावलोकन

३१५४ जनामा स्थानिय स्रोतहरुको पहिचान र पहुँच विषयक तालिम

७५१३ जनामा स्वास्थ्य सचेतना कार्यक्रम

८५५४ जनामा विभिन्न प्रकारका सचेतना मुलक कार्यक्रम

२८४२ जनामा सिप तथा क्षमता विकास तालिम

२९२५ जनालाई तत्काल सहयोग सामग्री साथै जिविकोपार्जन सामग्री वितरण

२०० परिवारका लागि सहरी स्वास्थ्य ईकाइ पुनर्निर्माण

६९ वटा स्वयम् सहयोगि समुहबाट १८७९ जना महिलाहरु लाभान्वित

म्यानमारका ३४७८ भुकम्प प्रभावितलाई खाद्यान्न र आवास निर्माण सामग्री सहयोगमा सहजीकरण




नवलपरासी जिल्ला, पाल्हिनन्दन गाउँपालिका, वाड नं.२, सुगौली टोलकी निवासी हुन् मीनादेवी विश्वकर्मा । असल छिमेकी नेपालद्वारा प्रदान गरिएको पारिवारिक व्यवसाय तालिमको सहयोगले उहाँ आफ्नै सानो पसल खोल्न सक्षम हुनुभएको छ । तालिमले उहाँको जीवनमा परिवर्तन ल्याएको छ, साथै किराना पसलबाट हुने आम्दानीले परिवारको जीविकोपार्जनमा टेवा पुगेको छ ।



# शान्तिपूर्ण र समावेशी समाज प्रवर्द्धनका कार्यक्रमहरू

कार्य क्षेत्र : पूर्व र पश्चिम नवलपरासी

**उद्देश्य :** समुदायमा रहेका स्रोत र साधनको प्रयोग गरी पछाडि पारिएका समुदाय तथा वर्गका समस्या न्यूनिकरणमा सहयोग पु¥याउने ।

असल छिमेकी नेपालले शान्तिपूर्ण र समावेशी समाज प्रवर्द्धन गर्ने हेतुसहित सामुदायिक सशक्तीकरण तथा जीविकोपार्जन कार्यक्रम सुरु गरेको हो । यस कार्यक्रम मार्फत् संस्थाले स्वयम् सहयोगी समूह गठन, सिप विकास तालिम, बचत तथा लगानी योजना, कृषि सहयोग र साना व्यवसाय प्रवर्द्धन जस्ता कार्यहरू सञ्चालन गर्दै आएको छ । यसले समुदायमा रहेका स्रोत र साधनको प्रयोग गरी पछाडि पारिएका समुदाय तथा वर्गलाई आत्मनिर्भर बनाउन मदत गर्दै, सामाजिक समावेशिता र दिगो विकासलाई प्रोत्साहन गरेको छ ।

## स्वयम सहयोगी समूह

- ६९ ओटा स्वयम–सहयोगी समूहबाट लाभान्वित — १८७९ जना
- बचत तथा लगानी बारे अभिमुखीकरण — १७५ जना
- सहजकर्ता वैठक तथा परिचालन — ८१२ जना
- अन्तरक्रिया कार्यक्रम — ३२४ जना
- स्थानिय स्रोतहरुको पहिचान र पहुँच विषय तालिम — ३१५४ जना

## सिपमुलक तालिमहरु

- क्षमता विकास तथा समूह व्यवस्थापन तालिम — ३२४ जना
- कृषि तथा सीपमुलक तालिम साथै सामाग्री वितरण — ३२५ जना
- साना व्यवसाय तालिम — २३३ जना
- सामाजिक कार्यका लागि सामुदायिक समूहहरुको क्षमता विकास — ८७० जना
- सरकारी तहमा समुह दर्ता तथा सञ्चालन सम्बन्धि प्रारम्भिक शिक्षा — १७५ जना

## सामाजिक कार्यहरु

- सामाजिक मुद्दाहरुको बारे मा सचेतना कार्यक्रम — १०१९ जना
- सामाजिक मुद्दाहरुको बारेमा सचेतनामुलक र्‍याली कार्यक्रम — १००७ जना
- सामाजिक कार्य — २३३ जना
- सामाजिक कार्यका लागि योजना निर्माण — ८६९ जना
- युवा तथा किशोर किशोरहरुमा सामाजिक कार्यबारे सचेतना — ३०३ जना

## स्वस्थ तथा समृद्ध जीवन

**उद्देश्य** : स्वस्थ जीवनको सुनिश्चितताका लागि जीवनस्तर प्रवर्द्धन गर्नु ।

असल छिमेकी नेपालले समुदायमा स्वास्थ्य सचेतना र समग्र समृद्धि प्रवर्द्धन गर्ने लक्ष्यसहित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसअन्तर्गत बालबालिका, महिला र समुदायका अन्य सदस्यहरूसम्म स्वास्थ्य सचेतना शिक्षा, पोषण, सरसफाइ, रोकथाम र प्राथमिक स्वास्थ्य सेवामा पहुँच सुनिश्चत गरिन्छ । कार्यक्रमले दिगो विकास स्वास्थ्य व्यवहार विकास गरी समुदायलाई शारीरिक, मानसिक र सामाजिक रूपमा सशक्त बनाउन योगदान पुऱ्याएको छ ।

- महिला केन्द्रित स्वास्थ्य सचेतना कार्यक्रमबाट १२७४ जना महिलाहरु लाभान्वित
- १६०० जना विद्यार्थीहरुमा स्वास्थ्य सचेतना कार्यक्रमबाट लाभान्वित



कार्य क्षेत्र : बर्दघाट सुस्ता पश्चिम नवलपरासी

## राम्रो बानीको विकास भयो



सरावल गाउँपालिका, वार्ड नं. ७, गणेशपुरमा बस्ने अम्मार यादव र कुमारीदेवी यादवकी साइँली छोरी स्वाता यादव वाल्मिकी आधारभूत विद्यालयमा कक्षा ५ मा पढ्नुहुन्छ । असल छिमेकी नेपालले सोही विद्यालयमा सामान्य स्वस्थ्य शिक्षाअन्तर्गत विद्यालयमा स्वास्थ्य सरसफाइ सचेतना कार्यक्रम गरी सरसफाइका राम्रा बानी र स्वस्थ रहन अपनाउनु पर्ने उपायहरू जस्तै फोहोर कुरा छोएपछि, खाना खानुअघि साबुन पानी हात धुने, खाना खाइसकेपछि बिहान बेलुका दाँत माझ्ने, नङ सफा राख्ने र बढेपछि समयमा काट्ने, हात खुट्टा धुने, नियमित सफा पानीले नुहाउने, आफू सुत्ने कोठा र वरिपरिको वातावरण सफा राख्ने, फोहोरलाई डस्ट–बिनमा राख्ने, दिसा पिसाब शौचालयमा गर्ने कुरामा सचेतना कार्यक्रम सञ्चालन गरियो । यसका साथै नमुनाको रूपमा नुहाउने र लुगा धुने साबुन, रुमाल, काइँयो, ब्रस, टुथपेष्ट, तौलिया वितरण गरियो । जसमा स्वाताले पनि यिनै सामग्री पाउनुभयो । सामग्री पाएपछि रहरैरहरमा लुगा धुने र ब्रस गर्ने बानी बस्यो । अहिले उहाँ हात मुख धोई दैनिकजसो ब्रस गरेर मात्र स्कुल जाने गर्नुहुन्छ ।

स्वाता भन्नुहुन्छ, "स्वास्थ्य सचेतना कार्यक्रमले गर्दा अहिले म हेरक दिन शौचालयमा गएर आएपछि र खाना खानुअघि हात धुने गर्छु । पहिला त मन लाग्दा मात्र दाँत माझ्थें, ब्रस मन्जन पाएपछि भने नियमित रूपमा माझ्न थालें । अहिले त दैनिक २ पटक ब्रस गर्छु ।"

## नवजीवन (लागु पदार्थ तथा रक्सी प्रयोगकर्ता महिलाहरूका लागि उपचार तथा पुनर्स्थापना कार्यक्रम)

**उद्देश्यः** लागु पदार्थको हानिकारक प्रयोगको रोकथाम तथा उपचारलाई सुदृढ गर्नु र लागु औषध मुक्त समाज निर्माण गरी शान्तिपूर्ण वातावरणको सिर्जना गर्नु ।

**कार्य क्षेत्र :** कास्की (सेवा प्रदान नेपालभरका लागि)

नवजीवन कार्यक्रम महिलाहरूको पुनर्स्थापना र सामाजिक सशक्तीकरणमा केन्द्रित छ । यस कार्यक्रममा विशेषगरी बाहृय सम्पर्क र आवासीय कार्यक्रम गरी उपकार्य गरिन्छ । बाहृय सम्पर्कमा समुदायमा रहेका महिलाहरूलाई तालिम, परामर्श र जीविकोपार्जनमा सहयोग गरिन्छ भने आवासीयमा पुनर्स्थापना र तालिमद्वारा सहयोग पुऱ्याइन्छ । यस वर्षका कार्य र उपलब्धिहरू :

### बाहृय सम्पर्क

- नयाँ र पुराना गरी २३१ सेवाग्राहीहरूसँग भेटघाट, परामर्श र बैठक ।
- १२७ समुदायका महिलाहरूसँग लागुऔषध सम्बन्धी अन्तरक्रियाा बैठक ।
- २८४ किशोरकिशोरीहरूलाई लागूऔषध जनचेतना कक्षा ।
- २ वटा समुदायमा लागुऔषध सचेतना कक्षाबाट ११२ जना महिलाहरू लाभान्वित –आमा समूह, सुकुम्बासी क्षेत्रमा)
- अन्तर्राष्ट्रिय नारी दिवस तथा सचेतना कार्यक्रम गरी ३२० जनालाई ब्रोसर वितरण ।
- ११ जना आपतकालीन अवस्थामा भएका महिला तथा किशोरीहरूलाई र उनीहरूका बच्चाहरूलाई मनोसामाजिक तथा स्वास्थ्य सहयोग ।
- लागुऔषध ओसारपसारविरुद्ध अन्तर्राष्ट्रिय दिवस र सचेतना कार्यक्रम ।

### आवासीय कार्यक्रम

- २३ जना महिलाहरू ३ महिनाको उपचार अवधि पूरा गरी नयाँ जीवन व्यतित गरिरहेका छन् ।
- असल छिमेकी नेपालद्वारा २ जना पुनर्स्थापित सेवाग्राहीलाई रोजगारको सुविधा ।
- ७ जना सेवाग्राहीहरूलाई प्रौढ शिक्षा तथा पढ्नका लागि सहयोग र २८ जनालाई हस्तकला तथा सिप सिकाइ ।
- सेवाग्राहीहरूलाई ४७८ पटक स्वास्थ्य जाँच सुविधा र ३९३ पटक मनोसामाजिक परामर्श ।



### फेरिएको जीवन

१९ वर्षीया निकिता हाल लागुपदार्थ मुक्त जीवन बिताइरहनुभएको छ । निरन्तर चार महिनासम्मको उपचारपछि उहाँ आफ्नो जीवनलाई नयाँ दिशातर्फ मोड्न सफल हुनुभयो । लागुपदार्थमा आश्रित उहाँ कठिन परिस्थितिमा हुनुहुन्थ्यो, तर उपचार र सहयोगका कारण अहिले उहाँले स्वस्थ र आशापूर्ण जीवन बिताइरहनुभएको छ ।

निकिताको सुधार केवल उहाँको व्यक्तिगत जीवनमै सीमित छैन, यसले उहाँको परिवारलाई पनि आशा र खुसी दिएको छ । परिवारजनहरू उहाँको सकारात्मक परिवर्तन देखेर गर्वित र हर्षित भएका छन् । दृढ इच्छाशक्ति, उचित उपचार र परिवारको साथ पाए लागुपदार्थको असरबाट मुक्त भई उज्ज्वल भविष्यको निमार्ण गर्न सकिन्छ भन्ने उदाहरण बन्नुभएको छ निकिता ।



गोपनीयता कायम गर्नको लागि नाम परिवर्तन साथै अनुहार नदेखाईएको




## बर्सा (BARSA) परियोजना लागुपदार्थ दुरुपयोग किशोरकिशोरी निर्माण गर्दै

**उद्देश्य:** समुदायका किशोरकिशोरीहरू, महिला र युवाहरूलाई लागुपदार्थ प्रयोग र यसको जोखिमको बारेमा सचेतना जगाउने र व्यवहारिक कार्यहरुको लागि उनीहरुको पहललाई प्रोत्साहन गर्नु ।

**कार्य क्षेत्र :** कास्की

**१८५ जना** — सामुदायिक समुह र महिला समुहमा लागुपदार्थ जोखिममा संवेदनशिलता

**२१३ जना** — किशोरकिशोरीहरु र युवाहरुका लागि लागुपदार्थ जोखिममा संवेदनशिलता

**२८२ जना** — सरकारी र निजी विद्यालयहरूमा विद्यार्थीहरूका लागि लागुपदार्थ जोखिम संवेदनशिलता

**४४४८ जना** — सूचना, शिक्षा र सञ्चार सामग्री वितरण IEC Materials Distribution

**४ वटा** — सरकारी तथा गैरसरकारी निकाय/सञ्जाल तथा समन्वय बैठक

**१२० जना** (१८५ जना भिजीट) — सामुदायिक पहुँच/सेवाग्राही बाहृय सम्पर्क (कमजोर र जोखिमयुक्त समुदायसँग भेटघाट)

**५६ जना** — सामुदायिक सरोकारवालाहरूका लागि कार्यशाला

**२०४ जना** — समुदायमा घरदैलो सचेतना कार्यक्रम

**१ वटा** — कार्यक्रम अनुगमन तथा मूल्याङ्कन

१४ वर्षीया सबिता नेपालीको जन्म पर्वत जिल्लाको एउटा निम्न वर्गीय परिवारमा भयो । सानै हुँदा बाबाको मृत्यु भयो । त्यसपछि उहाँ र २ जना बहिनीहरूलाई आमाले दैनिक ज्यालादारी काम गरी हुर्काउनुभयो । गाउँमा दिनभरि ज्यालादारी काम गरी छोरीहरूलाई पालनपोषण गर्नु र शिक्षा दिनु निकै गाह्रो थियो । समाजमा एकल महिला भएर बाँच्न कठिन भएपछि उहाँकी आमाले दोस्रो विवाह गर्नुभयो ।

आमाको दोस्रो विवाहपछि उहाँ आमासँगै पोखरामा आएर भाडामा बसेर नजिकै को सरकारी विद्यालयमा कक्षा ४ मा पढ्न थाल्नुभयो । गरिबीका कारण खान र पढ्नका लागि पनि गाह्रो भएको हुनाले विद्यालय जान चाहिने आवश्यक पोशाक, कापी, कलम हुँदैनथ्यो । सौतेनी बाबाले आफूप्रति गर्ने व्यवहार राम्रो थिएन । त्यसैले उहाँले पढाइ छोडेर अरूको घरमा बसेर घरायसी कामहरू गर्न थाल्नुभयो ।

समय बित्दै जाँदा उहाँको सङ्गत केही गलत साथीहरूसँग भयो । घरमा काम नभएको समयमा साथीहरूसँग जाने, समय बिताउने गर्न थाल्नुभयो । साथीहरूको समूहबाट उहाँले चुरोट, रक्सी र गाँजा खान सिक्नुभयो । नशा प्रयोग गर्ने क्रममा एक दिन आफू सडकमा सुतेको पनि उहाँलाई थाहा भएन । प्रहरीको टोलीले उहाँलाई सडकबाट उठाएर घरमा पुऱ्याएपछि आफू सडकमा सुतेको रहेछु भन्ने थाहा पाउनुभयो । नशा खाएर सडकमा सुतेको थाहा पाएपछि उहाँकी आमाले गाली गर्ने, पिट्ने, कुट्ने गर्नुभयो । त्यसपछि उहाँले घर छोडेर एक्लै बाहिर बस्ने निर्णय गर्नुभयो ।

घर छोडेर बाहिर काम खोज्ने क्रममा उहाँलाई एक जना साथीले पोखराको बाग्लुङ बसपार्कमा लगेर एउटा होटलमा राखिदियो । होटलमा काम गर्ने क्रममा उहाँलाई त्यहाँ आउने ग्राहकहरूसँग बस्न पठाइयो । सुरुका दिनमा के काम गर्ने भन्ने थाहा भएन । पछिपछि धेरै जना ग्राहकहरूसँग बस्नुपर्ने बाध्यता भयो । आमाले सधैँजसो खानेकुरा छैन भन्ने र सौतेनी बाबाले दुर्व्यवहार गर्ने गरेको हुनाले उहाँलाई घरमा फर्केर जान पनि मन लागेन । त्यसपछि आफूलाई दिनप्रतिदिन नशामा र गलत व्यवहारतिर डुबाउँदै लान थाल्नुभयो । यसै क्रममा असल छिमेकी नेपालको बर्सा (BARSA) परियोजनाबाट आउटरिचमा गएका कर्मचारीहरूले उहाँलाई अत्यन्त जोखिमपूर्ण अवस्थामा होटेलमा भेटे । उहाँसँग कुराकानी गर्दा उपचारमा जान र नशामुक्त हुन चाहेको हुनाले उहाँलाई होटलबाट उद्धार गरी असल छिमेकी नेपालको आवास गृहमा ल्याएर भर्ना गरियो ।

सबिता भन्नुहुन्छ, "मैले एउटा राम्रो परिवार भेटेको छु । मैले कहिले पनि माया र वास्ता पाएको थिइनँ । म मर्न मात्र बाँकी थियो । म धेरै नराम्रो लतमा लागेको थिएँ, जसले मलाई दिनप्रतिदिन गलत व्यवहारतिर उत्साहित गरेको थियो । कति दिन भोकै बसें, कतिपटक चुरोट गाँजा मात्र खाएर बसें । म धेरै थाकेको थिएँ, सुत्न पनि सक्दिनथें । असल छिमेकी नेपालमा आएपछि मैले धेरै राम्रो खाना, सुरक्षित ठाउँ र राम्रो निन्द्रा पाए । यहाँका कर्मचारीहरूले धेरै माया गर्नुभयो । मेरो शरीरमा १ जोर मात्र कपडा थियो । उहाँहरूले कपडा, पोषिलो खानालगायत आवश्यक कुराहरू सबै दिनुभयो र अस्पतालमा लगेर स्वास्थ्य जाँचहरू पनि गराइदिनुभयो । यहाँबाट धेरै राम्रा कुराहरू सिक्न र पढ्न पाएँ । मेरो किशोरावस्थामा आएका परिवर्तनहरू, मेरो रिस र गलत कुराहरूको रोजाइका कारण म ठूलो समस्यामा परेको कुरा मैले परामर्श कक्षाबाट थाहा पाउन सकें । मैले प्रयोग गर्ने लागुपदार्थले मलाई कस्तो असर गरेको रहेछ भन्नेबारेमा पनि बुझ्न पाएँ ।

असल छिमेकी नेपालले मेरो परिवारलाई खोजेर परिवार र मेरो सम्बन्ध पुनर्निर्माण गर्ने काम गऱ्यो । मैले आज नयाँ जीवन पाएको छु र सुरक्षित रूपमा जिउन पाएको छु । कसैले सहारा नदिएको बेला मैले सहारा पाएँ, आशा पाएँ । मैले आफ्नो नयाँ जीवनको सुरुआत गर्न पाएको छु । अहिले म नशामुक्त भएको छु र स्कुलमा पढ्दै छु । असल छिमेकी नेपालले मलाई र मेरो परिवारलाई गरेको सहयोगका लागि धेरै धन्यवाद छ । भविष्यमा राम्रो भएर असल छिमेकी नेपाललाई सहयोग गर्ने ठूलो चाहना छ ।



# समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा

**उद्देश्य :** चेतना र क्षमता विकाससँग सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु र जीवनपर्यन्त सिकाइका अवसरहरूको प्रवर्द्धन गर्नु ।

**कार्य क्षेत्र :** गोरखा, कास्की ।

असल छिमेकी नेपालले प्रत्येक बालबालिका र समुदायका सदस्यलाई समावेशी न्यायसङ्गत र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने लक्ष्यसहित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसअन्तर्गत विद्यालय व्यवस्थापन सुधार, शिक्षक प्रशिक्षण, बालबालिकाको पढाइलेखाइ सहयोग र शैक्षिक स्रोत उपलब्ध गराउने गतिविधिहरू सञ्चालन गरिन्छ । यसले सबै बालबालिकालाई शिक्षाको पहुँचमा समावेश गराउँदै दिगो विकास र सामाजिक समानतालाई प्रवर्द्धन गरेको छ ।

## गोरखा

| | |
|---|---|
| बाल विकास शिक्षक तालिम (ECD Training) | : १४ जना |
| अभिभावक अभिमुखीकरण तथा सचेतना कार्यक्रम | : ८८ जना |
| पुस्तकालय सामग्री हस्तारण, पुस्तकालय व्यवस्थपान, कक्षा कोठा व्यवस्थपान तालिम | : ८९ |
| विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सदस्यहरूलाई क्षमता अभिवृद्धि तालिम | : ६० जना |
| शिक्षकहरूलाई प्रविधिमैत्री सम्बन्धी कम्प्युटर तालिम | : १३ जना (शिक्षक) |
| विद्यार्थीहरूका लागि जनस्वास्थ्यको व्यक्तिगत सचेतना, महिनावारी सम्बन्धि स्वास्थ्य सचेतना कार्यक्रम | : ३०२ जना |
| अङ्ग्रेजी भाषा तालिम (४० घण्टे) | : १६ जना (शिक्षक) |
| Career Counseling | : १०० जना (विद्यार्थी) |



## कास्की

### बालबालिका र शिक्षा सशक्तिकरण

२२० जना विद्यार्थीहरुलाई छात्रवृत्ति सहायता, ३ वटा बाल क्लब गठन जसमा १८० जना सदस्यहरु, हाजिरीजवाफ प्रतियोगिता, ख्रिष्टमस कार्यक्रम, विद्यालय सहयोग र बालमैत्री शिक्षा तालिम गरी **१२००** जना प्रत्यक्ष रुपमा लाभान्वित ।

### परिवार र समुदाय सुदृढीकरण

अभिभावक बैठक, जाडोयामको सामग्री वितरण, जिविकोपार्जन साथै आयमुखी कार्यक्रमबाट **३०००** भन्दा बढी परिवार र अभिभावक प्रत्यक्ष संलग्न

### स्वास्थ्य, सरसफाइ तथा सचेतना

साधारण स्वास्थ्य परीक्षण, WASH सचेतना, महिनावारी स्वच्छता कार्यक्रम, पोषण सचेतना र जलवायु परिवर्तनसम्बन्धी सचेतना गरी **४०००** भन्दा बढी प्रत्यक्ष रुपमा लाभान्वित भए ।



१२ वर्षिया सोनिया नेपाली बाल क्लबबाट माइन्यूट लेख्न सिकेर माइन्यूट लेख्दै

## निर्माण सम्बन्धी सिप विकास भूकम्प प्रतिकार्य तेस्रो चरण

**उद्देश्य :** भुकम्प प्रभावित समुदायहरूका लागि पुर्नस्थापना, पुनर्निर्माण तथा जिविकोपार्जन सुधार ।

**कार्य क्षेत्र :** नलगाड नगरपालिका, जाजरकोट र आठविसकोट नगरपालिका, पश्चिम रुकुम ।



जाजरकोट र रुकुम पश्चिम गरी ८० जनालाई दक्ष मिस्त्री तालिम



जाजरकोट र रुकुम पश्चिम गरी ६० जनालाई इलेक्ट्रिसियन तालिम

# विपद् प्रतिकार्य सहयोग कार्यक्रम

## युवाहरूका लागि रोगजारी तथा उत्पादकत्व अभिवृद्धि

**उद्देश्य :** युवाहरूलाई सिप उपलब्ध गराई रोजगार वा व्यवसायमा सहभागी गराउने ।

**कार्य क्षेत्र :** बौदिकाली गाउँपालिका र बुलिङटार गाउँपालिका, नवलपरासी ब.सु.पु. ।

**२० जना** — ६० दिने सिलाइकटाइ तालिम

**२० जना** — ४५ दिने मोबाइल मर्मत तालिम

**२० जना** — ४५ दिने हाउस वायरिङ तालिम

**५ जना** — ५ महिने प्रशिक्षण तालिम

**२३ जना** — २ दिने व्यावसायिक विकास तालिममा





तालिम पश्चात् आफ्नो सिप प्रयोग गर्दै

## विपद् प्रतिकार्य परियोजना

**उद्देश्य :** बाढी प्रभावित समुहमा तत्काल राहत प्रतिकार्य जीवन रक्षामा सहायता गर्नु र क्षमता अभिवृद्धि तालिम मार्फत योगदान पुऱ्याउनु

**कार्य क्षेत्र :** बाग्लुङ, म्याग्दी, कास्की, रौतहट



| | |
|---|---|
| बाग्लुङ | ६४ जना |
| म्याग्दी | ८५ जना |
| कास्की | ५९ जना |
| रौतहट | ५५८ जना |

आपतकालीन राहत वितरण (खाद्यान्न तथा गैरखाद्यान्न)



रौतहट २३० जना

सुत्केरी सामग्री वितरण



| | |
|---|---|
| बाग्लुङ | ६२ घर धुरी |
| म्याग्दी | १९ घर धुरी |
| कास्की | २५ घर धुरी |
| रौतहट | ८ घर धुरी |

अस्थायी बसोबासका लागि जस्तापाता वितरण



रौतहट ५० जना

विपद् सचेतना तालिम



## सङ्घर्षका पाइलाहरू

१८ वर्षीया एलिना प्रजा नवलपुर जिल्ला, बुलिङटार गाउँपालिका, वडा नः ४ अर्खलामा करिब १३ वर्षदेखि बसोबास गर्दै आउनुभएको छ । एलिना लगभग १ वर्षको हुँदा बुबाको अचानक निधन भयो र केही समय नबित्दै आमाले पुनः विवाह गर्नुभयो । आमाको परिवार र समुदायले उहाँलाई स्विकार नगरे पछि एलिना काका र काकीसँग आफ्नो मूल घरमै बस्न थाल्नुभयो ।

एलिनालाई अरूको हेरचाहमा छोडेर काका र काकी ज्यालादारी कामका लागि हिँड्ने गर्नुहुन्थ्यो । त्यो दुःख देखेर काकीकी आमाले "यो नानीलाई मसँगै छोडिदेऊ, जे छ दुःख सुख खुवाउँछु, हुर्काउँछु, पढाउँछु" भनेर उहाँलाई आफूसँगै राखेर पढाउन थाल्नुभयो ।

हजुरआमाको अटल माया र सहयोगले गर्दा एलिनाले गाउँकै स्कुलबाट राम्रो जी.पी.ए. ल्याएर एस.ई.ई पास गर्नुभयो सँगै शिक्षा सङ्कायमा कक्षा १२ सम्म पूरा गर्नुभयो । समयहरु यसरी नै बित्दै थिए, पढाई पछि काम सुरु गर्न जता पनि नागरिकता चाहिने भएकोले एलिना काम गर्ने इच्छा हुदाँहुदाँ केहि नगरी बस्नु भएको थियो ।

त्यसो त हजुरआमालाई पनि उहाँलाई नागरिकता बनाइदिन इच्छा नभएको होइन तर उहाँको जन्मस्थानबाट जन्मदर्ता भइसकेको कारणले निकै बाधा पुगेको थियो । नेपालमै केहि गरेर आत्मनिर्भर बन्ने आशा लिएर गाउँमा बस्नु भएकी एलिनाले एक दिन घरको काम गरेर बस्दै गर्दा टोलका एक हजुरबाले सामाजिक सञ्जाल चलाउने क्रममा बुलिङटार गाउँपालिकाको सामाजिक सञ्जालमा CTEVT LEVEL-1 बराबरको ६० दिने Basic Tailoring Training आफ्नै घरमा बसेर लिन मिल्ने सूचना पाएपछि सो कुरा हजूरआमालाई भन्नुभयो । हजुरआमाबाट प्रोत्साहित भएर एलिनाले असल छिमेकी नेपालका कर्मचारीलाई सम्पर्क गर्नुभयो । उहाँ तालिमका लागि छनोट हुनुभयो, जसले उहाँलाई अपार खुसी दियो । एलिना हाल उत्साहका साथ तालिम सम्पन्न गरी काम सुरु गर्ने योजनामा हुनुहुन्छ ।

जाजरकोट नलगाड नगरपालिका वडा नं. ४ पिपल चौर बस्ने कल्पना रावलले १ महिनाको इलेक्ट्रिसीयन तालिमबाट भरपुर फाइदा उठाउनु हुँदै आफ्नो जीवनमा नयाँ थप सीप विकास गर्ने मौका पाउनुभएको छ र भविष्यमा यस सिपलाई अझै व्यवसायिक रुपमा अघि बढाउने लक्ष्य सहित अघि बढ्दै हुनुहुन्छ ।



## सेतोढुङ्गा सहरी स्वास्थ्य इकाई पुनर्निर्माण परियोजना

**उद्देश्य :** सहरी स्वास्थ्य इकाईबाट स्थानीयहरुले निरन्तर सेवा पाउने उद्देश्यका साथ पुनर्निर्माणमा सहायता पुर्याउने ।

**कार्य क्षेत्र :** म्याग्दी

पहिरोको कारणले स्वास्थ्य ईकाइको भवन पुर्ण रुपमा असुरक्षित थियो । तर बाध्यताले गर्दा त्यसै भवनबाट सेवा प्रवाह भईरहेको कारण असल छिमेकी नेपालद्वारा भवन पुनर्निर्माण गरियो ।

सहरी स्वास्थ्य इकाई पुनर्निर्माणपछि आवश्यक स्वास्थ्य सामग्रीसहित हस्तान्तरण गरियो । साथै १५ जना स्वास्थ्य इकाईका कर्मचारी तथा व्यवस्थापन समितिलाई स्वास्थ्य इकाई व्यवस्थापन तालिम गरियो । हाल २०० भन्दा बढी परिवारले स्वास्थ्य लाभ लिनुभइरहेको छ ।



सहरी स्वास्थ्य चौकी पुनर्निर्माण पश्चात् उद्घाटन









सहरी स्वास्थ्य चौकी पुनर्निर्माण पश्चात् स्वास्थ्य सेवा लिएर खुशी हुँदै

## भूकम्प प्रतिकार्य चौथो चरण

**उद्देश्य :** भुकम्प प्रभावित समुदायहरूका लागि पुर्नस्थापना, पुनर्निर्माण तथा जिविकोपार्जन सुधार ।

**कार्य क्षेत्र :** नलगाड नगरपालिका वडा नं. ६, जाजरकोट ।

| | | |
|---|---|---|
| १० घरधुरीलाई आवास पुनर्निर्माण | २० जनालाई सिलाइ तालिम | ५० घरधुरीलाई बाख्रापालन तालिम |
| १२० जनालाई विपद् सम्बन्धी विद्यालयमा सचेतना | ५० जनामा समुदायमा वातावरणीय शिक्षा तथा सचेतना | २५ जनालाई प्राथमिक उपचार तालिम |
| ५० जनामा फलफूल तथा तरकारी खेती तालिम | २५ जनालाई विपद् सम्बन्धी नीति तथा अभ्यास कार्यशाला | १५८ जनालाई विपद् पूर्व सुरक्षाको लागि संरचना निर्माण |



आवास निर्माणका लागि स्थानीय स्रोत परिचालन गर्दै



## आम्दानीको लागि बाख्रापालन

६५ वर्षे धनबहादुर बुढा, नलगाड नगरपालिका, वडा नं. ६, गर्छिना गाउँ, जाजरकोटका स्थायी बासिन्दा हुनुहुन्छ । उहाँ श्रीमती, छोरा, बुहारी, नाति, नातिना र उहाँ आफैं गरी ६ जना सदस्य बस्नुहुन्छ । उहाँले गत २२ वर्षदेखि बाख्रापालन गर्दै आउनुभएको छ । बाख्रापालनबाट आम्दानी ६ महिना/वर्ष दिनमा हुने भएकाले मासिक रूपमा कमाइ नहुने उहाँ बताउनुहुन्छ । ठूलो र राम्रो जातको बाख्रालाई रु. १५,०००/– र त्योभन्दा सानोलाई रु. १०,०००/– देखि रु. १२,०००/– सम्म पर्छ । हाल उहाँसँग २१ वटा बाख्राहरू छन् ।

बाख्राको व्यापार पहिलेजस्तो नभएको बताउनुहुन्छ उहाँ । पहिले ६ महिनामा ५ वटा जति बाख्रा बिक्री हुन्थ्यो, अहिले भने २/३ वटा मात्रै बिक्री हुने गरेको छ । जति परिश्रम गरे तापनि आम्दानी भने सोचेको जस्तो छैन । पहिले गाउँमा बाख्रापालन थोरैले गर्थे भने आजकाल प्रायःले बाख्रापालन नै गर्ने गरेका छन् । उहाँ भन्नुहुन्छ, "गाउँमा प्रतिस्पर्धा भएकोले आम्दानी कम छ । पहिले त सन्तोषजनक हुन्थ्यो तर अहिले त्यस्तो छैन । उत्साह घटेको छ ।"

उहाँको परिवारमा छोराले नेपालमा ६ महिना र भारतमा ६ महिना मजदुरी काम गर्दै आएको बताउनुहुन्छ । बुहारीले खेती किसानी र घरायसी काम गर्दै गृहस्थी चलाउनु हुन्छ, साथै गाउँमा घट्ट चलाउने काम पनि गर्नुहुन्छ । त्यसबाट उहाँलाई पैसाको साटोमा पिठो, अन्न दिने गर्नुहुन्छ । घरमा छोरा र बुहारीको आम्दानीले उहाँहरूकै परिवार पाल्न मात्र ठिक्क हुन्छ । यसरी सधैं नै आर्थिक भार भइरहने हुँदा र छोराकै कमाइमा भर पर्नुपर्ने भएकाले यो पेशालाई छोड्ने विचारमा पुग्नुभएको थियो, तर त्यसैबेला असल छिमेकी नेपालले गाउँमा नै बाख्रापालन सम्बन्धी तालिम आयोजना गरेको थाहा पाउनुभयो । यसबाट उहाँलाई उत्साह र हौसला मिल्यो ।

बाख्रापालन तालिमले उहाँमा नयाँ सिप, ज्ञान र विचार प्रदान गर्‍यो । यसले गर्दा उहाँले बाख्रापालनलाई निरन्तरता दिने र धैर्यताका साथ अघि बढाउने सोचमा पुगेको कुरा बताउनुभयो । तालिममा सहभागी हुने अवसर दिने संस्था असल छिमेकी नेपालप्रति उहाँ आभार व्यक्त गर्नुहुन्छ ।



## अपाङ्गता केन्द्रित क्षमता तथा सिप विकास

**उद्देश्य :** अपाङ्गता भएका व्यक्ति र परिवारका लागि सिप तथा आयआर्जनमुलक तालिम प्रदान गरी जीवनस्तर उकास्ने

**कार्य क्षेत्र :** कास्की, गोरखा

| कास्की | | गोरखा |
|---|---|---|
| ४० जनालाई | अपाङ्गता समावेशी तथा सचेतनामूलक तालिम | ४० जनालाई |
| २० जनालाई | अपाङ्गता समन्वय तथा सहयोग समूहको निर्माण | २० जनालाई |
| २० जनालाई | कृषि तालिम तथा बीउ बिजन वितरण | २० जनालाई |
| | आपाङ्गता भएको परिवारका बालबालिकालाई शैक्षिक सामग्री सहायता | २० जनालाई |





## कृषिले दिएको सन्तुष्टि



अशोक बाराम ४५ बर्षको हुनुभयो । उहाँ आफ्नी श्रीमती र २ छोरासँग भीमसेन थापा गा.पा– १ मा बसोबास गर्नुहुन्छ । उहाँको एक छोरा शारीरिक रूपमा अपाङ्गता भएको हुनुहुन्छ। उहाँ विगत १५ वर्षदेखि कृषि पेशामा संलग्न भएर केही बर्षअगाडि विदेशमा गएर कृषि तालिम पनि लिनुभयो तर त्यहाँबाट प्राप्त ज्ञान यहाँ व्यवहारिक हुन सकेन । हालसालै उहाँले असल छिमेकी नेपालद्वारा सञ्चालित २ दिने कृषि तालिममा सहभागी हुने अवसर पाउनुभयो । तालिमपछि उहाँ विगतदेखि भोग्दै आएका समस्याहरूको समधान पाएर निकै खुसी हुनुभयो ।

तालिमभन्दा अगाडि बारामले बीउ छनोट गर्ने कुरामा निकै कठिनाइ भोगिरहनु भएको थियो । तर तालिमबाट उहाँले सहज रूपमा उपयुक्त बीउ छनोट गर्ने सिप सिक्नुभयो । त्यस्तैगरी बिरुवामा लाग्ने कमिला हटाउन समस्या थियो । अहिले उहाँले गाईवस्तु र मान्छेको पिसाबबाट तयार पारिने घरेलु जैविक विषादी प्रयोग गरी कमिलाको समस्या समाधान गर्नुभएको छ । यस तालिमले उहाँलाई पुनः कृषि पेशामा लाग्न थप ऊर्जा मिलेको बताउनुभयो ।

उहाँले तालिमपछि पाएको बीउ बिजनबाट राम्रो उत्पादन गर्नुभयो । परम्परागत कम्पोस्ट मल निर्माण गर्न सक्षम भएर उहाँले दिगो कृषि पेशामा लाग्न सहज भएको बताउनुभयो । व्यवस्थित प्रणालीबाट खेती गर्न सके विदेशमा भन्दा राम्रो कमाइ आफ्नै देशमा गर्न सकिने उदाहरण बन्नुभएको देखिन्छ ।

## कृषकहरुको जीविकोपार्जन सुधार दोस्रो चरण

## कृषकहरुको जीविकोपार्जन सुधार तेस्रो चरण

**उद्देश्य :** कृषि तथा पशुपालन सम्बन्धी सीप तथा ज्ञानको उपलब्धता मार्फत किसानहरुको जिविकोपार्जनमा सुधार ल्याउने ।

**कार्यक्षेत्र :** बन्दिपुर गाउँपालिका, ठाडोखोला, तनहुँ र बुलिङटार गाउँपालिका, अर्खला, नवलपरासी

**५३ जनालाई** — जैविक मल उत्पादन तालिम, तनहुँ

फलफूल खेती तालिम, २ दिन, तनहुँ — **२७ जनालाई**

**३१ जनालाई** — घाँस उत्पादन तालिम, नवलपरासी

मौसमी तरकारी खेती तालिम, नवलपरासी — **३१ जनालाई**

**२७ जनालाई** — मौरीपालन तालिम, नवलपरासी

नवलपरासी **३० जनालाई** — बाख्रापालन तालिम, २ दिन — तनहुँ **२० जनालाई**

**३१ जनालाई** — साना व्यवसाय तालिम — **२२ जनालाई**

**१९ जनालाई** — टनेल खेती, नवलपरासी





## जापानमा सिकाइ, नेपालमा उपलब्धि

४७ वर्षीय कृष्णबहादुर चेपाङ, बन्दीपुर गाउँपालिका, ठाडाखोला–३, तनहुँमा बस्ने एक साधारण किसान हुनुहुन्छ । उहाँ विगत लामो समयदेखि पशुपालन र कृषिमा संलग्न हुँदै आइरहनुभएको छ । उहाँको मुख्य आयस्रोत नै खेतीपाती र पशुपालन हो । कृष्णबहादुर चेपाङ त्यस क्षेत्रमा चर्च तथा समुदायको अगुवाको रूपमा पनि परिचित हुनुहुन्छ । सधैँ मेहनत र परिश्रम गर्न सके आफ्नो देशमा नै केही गर्न सकिन्छ भन्ने उहाँको धारणा छ ।

त्यस क्षेत्रमा बढी उत्पादन हुने धान र मकै खेती हो । खेती गर्दा पनि स्याहार गर्न धेरै गाह्रो छ । जङ्गल नजिक भएको कारण बाँदरहरूले धेरै दुःख दिने हुँदा खेतीमा समयको बर्बादी मात्र हुने गरेको थियो । कृष्णबहादुरका अनुसार एकजनाको समय त बाँदरको गोठाला बस्दै दिन जान्छ । खेतीपाती परम्परागत रूपमा गरिने हुँदा त्यति उपलब्धि पनि हात लागेको थिएन । अहिले गरिरहेको खेती कसरी अझै राम्रो गर्न सकिन्छ भन्ने उहाँको मुख्य चिन्ताको विषय थियो ।

असल छिमेकी नेपाल मार्फत ठाडोखोला कृषक तथा पशुपालन समूहको एक जनाका लागि जापानमा अध्ययन भ्रमण गर्ने मिल्ने अवसर आयो । सोअनुसार त्यो अवसर उहाँलाई मिल्न गयो । जापानमा गई उहाँले धेरै नयाँ कुराहरू सिक्न पाउनुभयो । त्यहाँ गरिने खेती र पशुपालन धेरै फरक भएको उहाँले महसुस गर्नुभयो । उहाँले भ्रमणका क्रममा धेरै ज्ञानहरू बटुल्नुभयो । नयाँ प्रविधि र सही तरिकाले कसरी उत्पादन गर्न सकिन्छ भन्ने जानकारी पनि उहाँलाई मिल्यो । नेपाल फर्केपछि उहाँले सिकेका कुरा व्यवहारमा लागु गरिरहनुभएको छ । विशेषतः उहाँले फलफूल खेतीमा सिकेका आधुनिक प्रविधिहरू प्रयोग गर्नुभएको छ । अहिले उहाँले दुई सयभन्दा बढी सुन्तला र कागतीका बेर्नाहरू लगाइसक्नुभएको छ । जापानको अध्ययन भ्रमणले उहाँलाई धेरै नै मद्दत पुऱ्याएको छ ।

उहाँ भन्नुहुन्छ, "अहिले म बलियो छु र काम पनि गर्न सक्छु तर पछि नसक्ने हुनसक्छु । त्यसैले मैले लामो समयसम्म फाइदा दिने फलफूल खेतीमा जोड दिइरहेको छु, जसले भविष्यमा मलाई सहायता पुऱ्याउला ।" कृषि पेशाबाट पछाडि हट्ने अवस्थामा पुगे पनि अहिले उहाँले पुनः यही पेशामा नै भविष्य देख्नुभएको छ । उहाँ समुदायमा नमुना कृषक बन्ने योजनासहित अगाडि बढ्नुभएको छ । उहाँ असल छिमेकी नेपालप्रति धन्यवादी हुनुहुन्छ ।

## म्यानमार भुकम्प प्रतिकार्यमा सहजीकरण

**उद्देश्य :** भुकम्पबाट प्रभावित परिवारहरुका लागि तत्काल राहत, सुरक्षित आवास र आधारभूत आवश्यकताहरु उपलब्ध गराउनु र भविष्यमा हुने प्राकृतिक विपत र आपतकालिन परिस्थितीको लागि सहजीकरण गर्नु ।

**मुख्य उपलब्धी :**

- भुकम्प प्रभावित तत्काल राहत सहयोग प्रदान
- १५० परिवार (६२५ सदस्य) लाई खाद्य सामग्री वितरण
- १०० परिवारलाई वाटर फिल्टर वितरण
- १५० परिवार (५९३ सदस्य) लाई आवास निर्माण सामग्री उपलब्ध र ८ परिवारलाई भाँडाकुडा सहायता
- ६५ परिवार (२६० सदस्य) लाई विपत जोखिम न्यूनिकरण (DRR) अभिमुखीकरण र तालिम प्रदान
- समग्रमा ३,४७८ जना प्रत्यक्ष रुपमा लाभान्वित





म्यानमारका निनी परिवार

## आशा र नयाँ सुरुवातको सफलताको कथा

जब विनाशकारी भूकम्प आयो, निनी डे र उहाँको दुई साना बच्चाहरू बल्लतल्ल ज्यान जोगाउँदै भाग्न सफल हुनुभयो । उहाँहरूको घर पूरै भत्कियो, जसले गर्दा उहाँहरू घरविहीन हुनुभयो र घर नभएपछि आफन्तकहाँ सर्न बाध्य हुनुभयो । त्यसपछि प्रत्येक दिन जीविकोपार्जनका लागि संघर्ष गर्न थाल्नुभयो । उहाँको श्रीमान्, जो दैनिक ज्यालामा काम गर्ने श्रमिक हुनुहुन्थ्यो, भूकम्पकै कारण आफ्नो काम गुमाउनुभयो, जसले गर्दा परिवारको आफ्नो घर पुनर्निर्माण गर्ने सम्भावना असम्भव भयो । गरिबी र अनिश्चितताले गर्दा आफ्नै घर हुने सपना निकै टाढा जस्तो देखिन्थ्यो ।

यस्तै कठिन समयमा, नेपालबाट असल छिमेकी नेपालको सहजीकरणमा प्रभावित परिवारहरुका लागि अत्यावश्यक खाद्यान्न र घरको छाना बनाउन जस्तापाताहरू उपलब्ध गराइयो । यस सहयोगका कारण निनी र उहाँको श्रीमानले आफ्ना बच्चाहरुका लागि सानो तर सुरक्षित घर बनाउन मद्दत मिल्नेछ । आज निनी र उहाँको परिवार फेरि आफ्नो छाना भएको घरमा बस्न पाउने कुराले खुशी हुनुभएको छ । जीवन साधारण नै भएपनि उहाँहरू सम्मान, सुरक्षा र भविष्यप्रतिको नयाँ आशासहित बाँचिरहनुभएको छ । जुन कुरा एक समय असम्भव जस्तो लाग्थ्यो, त्यो दया र सहयोगका कारण सम्भव भएको निनी बताउनुहुन्छ ।

# आन्तरिक र बाह्य तथा मुल्याङ्कन साथै अन्य कार्यक्रमका झलकहरु



























## कोषाध्यक्षको मन्तव्य साथै आर्थिक प्रतिवेदन र बजेट



यस सभाका आदरणीय सभाध्यक्षज्यू, अतिथिगण साथै साधारण सदस्यज्यूहरू,

पोखरामा रहेर देशका देशका विभिन्न १४ वटा जिल्लाहरूलाई कार्य क्षेत्र बनाई समुदाय सशक्तीकरण, जीविकोपार्जन विकास तथा स्वास्थ्य प्रवर्द्धन, युवालक्षित सिप तथा क्षमता अभिवृद्धि, लागु औषधमा फसेका महिलाहरुका लागि नवजीवन, अपाङ्गताकेन्द्रित कार्यक्रम, शैक्षिक गुणस्तर अभिवृद्धि साथै विपद् प्रतिकार्यको क्षेत्रमा निरन्तर सेवा पुऱ्याउँदै आएको यस असल छिमेकी नेपाल, कास्कीको कोषाध्यक्षको हैसियतले कार्यकारिणी समितिको तर्फबाट आ.व. २०८१/०८२ को वार्षिक आर्थिक विवरण प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्व लागिरहेको छ । यस वर्षको आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै गर्दा यहाँ सदस्यज्यूहरूले हामीलाई प्रदान गर्नुभएको जिम्मेवारीलाई आत्मसात गर्दै संस्थाको पारदर्शिता, जवाफदेहिता र दिगोपनाका लागि गरिएको प्रयासप्रति प्रतिबद्ध रहिरहने छौं भन्न चाहन्छौं ।

यहाँहरूको साथ, सहयोग र प्रार्थनाको फलस्वरुप आजको अवस्थामा आइपुग्दा संस्था सेवाको साथसाथै आर्थिक दृष्टिकोणबाट पनि सबल हुँदै गएको छ । यस आ.व. २०८१/०८२ मा संस्थाले विभिन्न परियोजना तथा कार्यक्रमहरूका लागि आन्तरिक तथा बाहृय दातृनिकायहरूबाट रू. ८,९२,४४,२९९।६८ (अक्षरुपी आठ करोड बयानब्बे लाख चौवालिस हजार दुई सय उनान्सय रुपैंया अठ्सठ्ठी पैसा) सहयोग प्राप्त गरेको छ । प्राप्त रकमहरू नियमानुसार खर्च गरी आन्तरिक तथा बाहृय लेखा परीक्षणका साथै सामाजिक लेखा परीक्षण गरिएको छ । स्थानीय निकायहरूका साथै समाज कल्याण परिषद्बाट समेत नियमितजसो अनुगमन गरी आवश्यक सुधार गरिएको छ । यसमा सम्बन्धित निकायहरू र लाभग्राहिको अत्यन्त सकारात्मक सहयोग र साथ पाइएको छ ।

अन्त्यमा, यस संस्था असल छिमेकी नेपाल, कास्कीको सञ्चालन तथा सेवामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा साथ सहयोग पुऱ्याउने सबै दातृनिकायहरू, कर्मचारीहरू, स्वयम्सेवकहरू, सरोकारवाला निकायहरू र समुदायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आगामी वर्षहरूमा पनि अझ प्रभावकारी सेवा र पारदर्शी व्यवस्थापनमार्फत हामी हाम्रो उद्देश्यतर्फ अग्रसर भइरहने छौं भन्ने विश्वास दिलाउँदै यसै साथ संलग्न संस्थाको आ.व. २०८१/०८२ को कुल आम्दानी रु. ९,१८,४८,७१५।४२ (अक्षरुपी नौ करोड अठार लाख अठ्चालिख हजार सात साय पन्ध्र रुपैंया बयालिस पैसा), कुल खर्च रु. .८,८२,११,५५२।७९ (अक्षरुपी आठ करोड बयासी लाख एघार हजार पाँच सय बाउन्न रुपैंया उनासी पैसा) जम्मा सम्पत्ति तथा दायित्व रु. १०,६४,१७,८४४।३८ (अक्षरुपी दश करोड चौसठ्ठी लाख सत्र हजार आठ सय चौवालीस रुपैंया अड्तिस पैसा) सहितको लेखा परीक्षण विवरणका साथै सचिवज्यू र कार्यकारी निर्देशकज्यूबाट प्रस्तुत वार्षिक योजनाका आधारमा तयार गरिएको आगामी आ.व. २०८२/०८३ का निम्ति रु. ७,५५,५३,४६६ (अक्षरुपी सात करोड पचपन्न लाख त्रिपन्न हजार चार सय छैसठ्ठी रुपैंया) को आम्दानी तथा खर्चसहितको बजेट उपर छलफल गरी केही रचनात्मक सुझावहरू भएमा प्रदान गरी पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु । धन्यवाद !

**प्रकाश क्षेत्री**
**कोषाध्यक्ष**

पदम जि.सी एण्ड कम्पनी
PADAM GC & COMPANY
Registered Auditors

Address :
Pokhara-12, Fulbari House No. 43.9

# INDEPENDENT AUDITOR'S REPORT

To The Board of Directors,
M/S Asal Chhimekee Nepal
Pokhara 1, Kaski, Nepal.

## Report on the Audit of the Financial Statements

### Opinion

We have audited the accompanying financial statements of Asal Chhimekee Nepal, which comprise the Statement of Financial Position as at Ashad 32, 2082, (July 16, 2025), the Statement of Income and Expenditure, the Statement of Change in Reserve Fund and the Statement of Cash Flows for the year then ended on that date, and a summary of the significant accounting policies and other explanatory information (hereafter referred to as "the financial Statements").

In our opinion and to the best of our information and according to the explanations given to us, the aforesaid the financial statements presents fairly, in all material respects, the financial position of the Organisation, as at Ashad 32, 2082 (July 16, 2025), and its financial performance, changes in equity, cash flows for the year then ended, and a summary of significant accounting policies and other explanatory information, in accordance with Nepal Accounting Standards for Not-for-Profit Organizations.

### Basis for Opinion

We conducted our audit of the financial statements in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Organisation in accordance with the Handbook of The Code of Ethics for Professional Accountants issued by The Institute of Chartered Accountants of Nepal (ICAN), and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of The Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion on the financial statements.

### Key Audit Matters

Key audit matters are those matters that, in our professional judgment, were of most significance in the audit of the financial statements of the current period. These matters were addressed in the context of the audit of financial statement as a whole, and in forming the auditor opinion thereon, and the auditor does not provide a separate opinion on these matters.

We have determined that there are no any key audit matters to communicate in our report.

## Information Other than the Financial Statements and Auditor's Report Thereon

The Organisation's Management is responsible for the preparation of the other information. The other information comprises the information included in the Management report, Report of the Board of Directors and Chairman's statement but does not include the financial statements and our auditor's report thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated.

If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

## Responsibility of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of these financial Statements in accordance with Nepal Accounting Standards for NPOs, and for such internal control as management determines is necessary to enable the preparation of the financial statements that are free from material misstatement, whether due to fraud and error.

In preparing the financial statements, management is responsible for assessing the Organisation's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Organisation or to cease operations, or has no realistic alternative but to do so.

The Board of Directors are responsible for overseeing the Organisation's financial reporting process.

## Auditor's Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

PADAM G.C. & COMPANY * Registered Auditors * Pokhara

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal controls relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Organisation's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Organisation's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Organisation to cease to continue as a going concern.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

Place : Pokhara
Date : 2082.06.03
UDIN : 250924RA05550WYBZT

Padam G.C. & Company

Padam Bahadur G.C.
Registered Auditors
Membership No. 5550

# ASAL CHHIMEKEE NEPAL
## STATEMENT OF FINANCIAL POSITION
As at 32 Ashad 082 (16th July 2025)

Figures in NPR

| Particulars | Notes | 32 Ashad 082 | 31 Ashad 081 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non - Current Assets** | | **21,180,627.70** | **21,102,074.79** |
| Property, Plant and Equipment | 4 | 21,180,627.70 | 21,102,074.79 |
| Intangible Assets | 5 | - | - |
| Other Noncurrent Assets | | - | - |
| **Current Assets** | | **85,237,216.68** | **87,641,105.79** |
| Inventories | | - | - |
| Investment | 6 | 35,000,000.00 | 25,000,000.00 |
| Account Receivable | 7 | 2,085,541.94 | 1,036,895.21 |
| Cash and Cash Equivalents | 8 | 48,151,674.74 | 61,604,210.58 |
| **Total Assets** | | **106,417,844.38** | **108,743,180.58** |
| **LIABILITIES & RESERVES** | | | |
| **Accumulated Reserves** | | **88,919,921.55** | **95,374,464.27** |
| Unrestricted Funds/Accumulated Surplus | 9 | 47,289,872.28 | 44,360,313.59 |
| Restricted Funds | 10 | 21,630,049.26 | 31,014,150.67 |
| Designated Funds | 11 | - | - |
| Endowment Fund | 12 | 20,000,000.00 | 20,000,000.00 |
| Other Capital Reserves | | - | - |
| **Non - Current Liabilities** | | **1,715,866.40** | **2,087,810.66** |
| Loans and Borrowings | | - | - |
| Deffered Revenue | 13 | 1,715,866.40 | 2,087,810.66 |
| Other Non-Current Liabilities | 14 | | |
| **Current Liabilities** | | **15,782,056.44** | **11,280,905.66** |
| Employee Benefit Liabilities | 15 | 1,201,010.64 | 648,531.00 |
| Accounts Payable | 16 | 14,301,886.12 | 10,632,374.66 |
| Income Tax Provision | 17 | 279,159.68 | - |
| **Total Liabilities and Reserves** | | **106,417,844.38** | **108,743,180.58** |

*The Notes on accounts form an integral part of the financial statements.*

Date : 2082.06.03

Place : Pokhara

Nabin Gurung
Finance Officer

Rajendra Kumar Adhikari
Executive Director

Prakash Chhetri
Treasurer

Til Bahadur Giri
Secretary

Mukti Nath Dhakal
Chairman

As per our report of even date
Padam GC & Company

PADAM G.C. & COMPANY
Registered Auditors
Pokhara

Padam Bahadur G.C.
Registered Auditors

असल छिमेकी नेपाल
Asal Chhimekee Nepal

## ASAL CHHIMEKEE NEPAL
### STATEMENT OF INCOME & EXPENDITURE
For the Year Ended 32 Ashad 2082 (16th July 2025)

Figures in NPR

| Particulars | Notes | FY 2081-082 | FY 2080-081 |
|---|---|---|---|
| **INCOME** | | | |
| Incoming Resources | 18 | 89,244,299.68 | 82,156,249.37 |
| Financial Income | 19 | 2,604,415.74 | 3,454,113.37 |
| Other Income | 20 | - | - |
| **Total Income** | | **91,848,715.42** | **85,610,362.74** |
| **EXPENDITURE** | | | |
| Staff Cost/Expenses | 21 | 3,083,028.46 | 2,139,610.06 |
| Program Expenses | 22 | 83,987,480.24 | 71,107,339.16 |
| General Administrative Expenditure | 23 | 949,697.00 | 458,696.00 |
| Depreciation | 24 | 191,347.09 | 1,896,432.68 |
| Other Expenditure | | - | - |
| **Total Expenditure** | | **88,211,552.79** | **75,602,077.90** |
| **Net surplus/(deficit) before Taxation** | | 3,637,162.63 | 10,008,284.84 |
| Income Tax Expenses | | 651,103.94 | - |
| **Surplus/(Deficit) For The Year** | | **2,986,058.69** | **10,008,284.84** |
| **Appropriation Of Surplus For The Year** | | | |
| Allocation to Reserves | | 2,986,058.69 | 10,008,284.84 |

*The Notes on accounts form an integral part of the financial statements.*

Nabin Gurung
Finance Officer

Rajendra Kumar Adhikari
Executive Director

Prakash Chhetri
Treasurer

Til Bahadur Giri
Secretary

Mukti Nath Dhakal
Chairman

As per our report of even date
Padam GC & Company

Padam Bahadur G.C.
Registered Auditors

PADAM G.C. & COMPANY Registered Auditors Pokhara

असल छिमेकी नेपाल
Asal Chhimekee Nepal

## ASAL CHHIMEKEE NEPAL
### Notes to Financial Statements

**Non - Current Assets;**
**Property, Plant and Equipme** 4

| Item | Opening balance 01.04.2081 | Revaluation Surplus/(Deficit) | Addition during the year | Disposal during the year | Balance at 31.03.2082 |
|---|---|---|---|---|---|
| Land | 16,387,265.00 | - | | | 16,387,265.00 |
| Building | - | - | | | - |
| Furniture & Fittings | - | | - | | - |
| Office Equipment | - | | 269,900.00 | | 269,900.00 |
| Vehicles | 5,151,059.00 | | | | 5,151,059.00 |
| Other Assets | - | | | | - |
| Leasehold | 1,698,620.91 | | | | 1,698,620.91 |
| **Total PPE** | **23,236,944.91** | - | **269,900.00** | - | **23,506,844.91** |

**Depreciation** 4.1

| Item | Useful Life | Current Yr Use Month | Balance as at 01.04.2080 | Charge for the year | Disposal during the year | Balance at 31.03.2082 |
|---|---|---|---|---|---|---|
| Building | 20 | | - | - | - | - |
| Furniture Equipment | 5 | | - | - | - | - |
| Office Equipment | 5 | | - | 21,485.00 | - | 21,485.00 |
| Vehicles | 6 | | 1,287,764.75 | 0.00 | - | 1,287,764.76 |
| Other Assets | 7 | | - | - | | - |
| Leasehold | | | 847,105.36 | 169,862.09 | | 1,016,967.45 |
| **Total** | | | **2,134,870.11** | **191,347.09** | - | **2,326,217.21** |

| **Net Property, Plant And Equipment** | 21,180,627.70 |
|---|---|

असल छिमेकी नेपाल
Asal Chhimekee Nepal

# आ. व. २०८१–८२ मा सपोर्ट विभागका क्रियाकलाप

यस आ. व. २०८१–८२ मा यस संस्थाको प्रशासनिक विभागले विभिन्न कार्यहरु गरि संस्थाको प्रभाकारीता, पारदर्शिता र कार्य क्षमतामा सुधार ल्याउन सघाएको छ ।

यस वर्ष संस्थाको आन्तरिक व्यवस्थापन प्रणालीलाई अझ राम्रो गर्न केहि नीतिहरुमा समय सापिक्षित केहि अध्यावधिक गरेको छ ।

यस वर्ष संस्थाले बित्त विभागमा कार्यरत कर्मचारी, कार्यकारी निर्देशक साथै योजना तथा मूल्याङ्कन विभाग प्रमुख समावेश हुने गरि कर्मचारीहरुका क्षमता अभिबृद्धिको लागि ३ दिनको Moneyworks Software सम्बन्धि तालिमको आयोजना गरेको थियो । यसमा परियोजनाको वित्तीय विवण साथै दैनिक वित्तिय कार्य कसरी अझ सहज र छरितो गरि कार्य गर्ने बारे सिकाइएको थियो। जसले कर्मचारीहरुको दक्षता बृद्धि र कार्य क्षमतामा सुधार गर्न सघाएको छ ।

हरेक परियोजना तयारी गर्दा बजेट निमार्णमा सहभागिता जनाएको छ । त्यस बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन आवश्यक अनुगमन प्रणालीमा पनि सुधार गरेको छ ।

मासिक रुपमा समयमा नै कर दाखिला गरि अनलाइन प्रविधिबाट अभिलेखिकरण गर्ने गरिएको छ

यस वर्ष संस्थाको कार्यकारी समितिको बैठक ६ ओटा र सपोर्ट समितिको बैठक ३२ ओटा सम्पन्न गर्नका लागि  आवश्यक व्यस्थापन गरेको छ । साथै, वार्षिक साधारण सभा (AGM) का लागि आवश्यक सबै तयारीहरु पनि समयमै सम्पन्न गरेको छ ।

यस वर्ष संस्थाले

1) Construction Skill Development Project EQ Response 3rd Phase,

2) Seto Dhunga Urban Clinic Re-Construction Support Project,

3) Flood Disaster Response Project- 1st Phase,

4) Child Education Sponsorship Project गरि ४ ओटा परियोजनाहरुको Project Audit गर्ने काम सम्पन्न गरेको छ ।

हरेक वर्ष झैं यस वर्ष पनि वित्तीय विभाग अन्तरगत नियमित बैंक खाता तथा मुद्दती खाता व्यवस्थापन गरिएको छ ।

प्रशासन विभाग अन्तरगत खरिद प्रकृयालाई अझ व्यवस्थीत गर्नका लागि दर भाउका कागजपत्र दर्ता गरि अभिलेख राख्ने अभ्यासको सरुवात पनि गरिएको छ भने नियमित खरिद समितिको बैठक साप्ताहिक रुपमा बस्ने गरि ब्यवस्था मिलाइएको छ ।

कर्मचारीहरुको सामाजिक सुरक्षा कोष तथा नागरिक लगानी कोषको व्यवस्थापनमा पनि सुधार गरिएको छ। करारमा रहेका कर्मचारीहरुको सात लाख बराबरको दुर्घटना विमाको व्यवस्थापन गरेको छ।

आ.ब. २०८०–८१ गरिएका यी प्रशासकिय प्रयासले संस्थाको समग्र प्रभावकारीतामा सुधार ल्यायउने र संस्थाका उद्धेश्य प्राप्तिमा थप सहयोग प्रदान गरेको छ ।

**यस वर्ष कार्यक्रम सञ्चालन गर्दा आएका चुनौतिहरू**

- समुदायको दिगो विकासमा केन्द्रित रही संस्थाको कार्यलाई निरन्तरता दिइरहनुपर्ने ।
- विद्यार्थीहरू पढाइ नसक्दै बिच मै छोड्दा अपेक्षा गरेअनुसार उपलब्धि प्राप्त गर्न कठिनाई ।
- विपद प्रतिकार्यको समयमा निरन्तर चलिरहेका परियोजनाहरूको सही समय व्यवस्थापन गर्न कठिनाइ ।
- समयको मागअनुसार संस्थाको प्रविधिसँग अद्यावधिक हुन कठिनाइ ।

**यस वर्ष कार्यक्रम सञ्चालन गर्दा भएका सिकाइहरूः**

- कार्य व्यवस्थापन तथा कार्य विभाजन गरी कार्य गर्नुपर्ने ।
- मानव संशाधन परिचालनः जिम्मेवारी र भूमिका ।
- जोखिम पूर्वअनुमान र आवश्यक वैकल्पिक व्यवस्था योजना ।
- अन्तर विभाग र अन्तर परियोजनाबीचको समन्वय ।
- विपद् प्रतिकार्यको काम तुरून्त गर्नुपर्ने ।

**आगामी वर्षका लागि लक्ष्य :**

- संस्थाको कार्यालय भवन तथा समुदाय सेवा केन्द्र भवन निर्माण ।
- संस्थाको आन्तरिक स्रोतको विकास
- प्रक्रिया तथा व्यवस्थित प्रणालीमा आधारित कार्ययोजना गर्नुपर्ने ।
- नवजीवन परियोजनाको पुनरवालोकन र आवासीय केन्द्र स्थानान्तरण

# योजना, अनुगमन, मूल्याङ्कन तथा सञ्चार

आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन भएका परियोजना तथा कार्यक्रमहरू प्रारम्भिक योजनाको समयदेखि कार्यान्वयनसँगै समापनसम्म स्थानीय निकाय र समुदायसँग समन्वय, सहभागिता र स्वीकृतिका लागि सबै चरणमा संयोजन गर्ने काममा योजना, अनुगमन, मूल्याङ्कन तथा सञ्चार विभागले मुख्य जिम्मेवारी लिई कार्य ग-यो । संस्थाको परियोजनाहरू, वित्तिय कारोवार तथा विभिन्न क्षेत्रको सञ्चालनमा प्रभावकारी तथा मितव्ययी रूपमा कार्यान्वयन गरिएको र संस्थाको उद्देश्य प्राप्तिमा योगदान पुग्ने गरी कार्यक्रम योजना तर्जुमा र कार्यान्वयन सुनिश्चित गर्ने भूमिका निर्वाह गरेको छ ।

परियोजनाको योजना गर्दा तय गरिएका सूचक र मापदण्ड अनुरूप काम भए–नभएको सुनिश्चित गर्न कार्यक्रमको स्थलगत अनुगमन र अवलोकलनबाट प्राप्त जानकारी बमोजिम आवश्यक सल्लाह सुझाव दिने काम भयो ।

यस वर्ष सामाजिक लेखाजोखा कार्यक्रम गरी संस्थाको सबै कार्यक्षेत्रबाट सरोकारवालाहरूको प्रत्यक्ष उपस्थितिमा पारदर्शिता तथा जवाफदेयितामा थप विश्वसनीय हुन मद्दत ग-यो । त्यस्तै गरी, सबै परियोजना तथा विभागमा सञ्चालन भइरहेका कार्यहरूको मासिक समिक्षा गर्ने र बैठकमा सिकाइ तथा चुनौतिसमेत छलफल नियमित रूपमा गरिन्छ । विभिन्न समयमा गरी संस्थाको कार्यस्थलमा गई विभागले यस वर्ष दस पटकभन्दा बढी स्थलगत अनुगमन गरेको थियो ।

त्यसैगरी त्रैमासिक रूपमा कार्यक्रमहरूको विवरणसहितको न्यूजलेटर, सफलताको कथा (तेस्रो संस्करण), समय–समयमा विभिन्न प्रतिवेदन तयार गर्ने, वेबसाइट अध्यावधिक गर्ने र विभिन्न निकायहरूसँग समन्वय र नेटवर्किङ्ग गर्ने जस्ता कामहरू पनि गरी कार्यक्रम र परियोजनाहरूलाई सपोर्ट ग-यो ।

**गत वर्षका केही कार्यहरूको संक्षिप्त विवरण तपसिल बमोजिम रहेका छन्ः**

- परियोजनाको अवधारणा पत्र साथै प्रस्तावना र बजेट तयार गर्ने ।
- दातृ निकाय तथा समाज कल्याण परिषद्बाट परियोजना स्वीकृत गर्ने ।
- तथ्याङ्क, अन्य सूचनामूलक सामाग्री र कागजातको व्यवस्थापन ।
- संस्थाको कार्यहरूको विभिन्न जानकारीमूलक सामाग्री तयार गर्ने ।
- वेबसाइट डिजाइन तथा अनलाइन मिडियाको नियमित अद्यावधिक गर्ने ।
- कार्यक्षेत्र तथा समुदायसँग बैठक तथा भेटघाट ।
- आन्तरिक तथा बाह्य अनुगमन ।
    - समाज कल्याण परिषद्बाट परियोजनाको अन्तिम अनुगमन/मूल्यांकन
    - स्थानिय निकायबाट अनुगमन
    - दातृ निकायबाट अनुगमन
- स्थानिय तथा बाह्य निकायसँग समन्वय
- परियोजनाको अद्यावधिक, आवधिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने



# आर्थिक वर्ष २०८२/८३ को अनुमानित बजेटको संक्षिप्त विवरण

**आर्थिक वर्ष २०८२/८३ को लक्षित कार्यक्रमः योजना तथा अनुमानित बजेटको संक्षिप्त विवरण :**

| क्र.सं. | परियोजनाको जाम | जिल्ला | बजेट (रू) |
|---|---|---|---|
| १ | सरावलका समुदायमा सामाजिक समस्याका विरूद्ध सचेतना | नवलपरासी पश्चिम | ४,०६,२६४ |
| २ | विपद प्रतिकार्य तथा पुनरूत्थान सहयोग | रूकुम पश्चिम | ४३,९७,८३७ |
| ३ | भूकम्प प्रतिकार्य पाचौं चरण | जाजरकोट | ४९,६१,७९५ |
| ४ | समुदाय सशक्तिकरण, जीविकोपार्जन विकास तथा स्वास्थ्य प्रवर्द्धन : सरावल | नवलपरासी पश्चिम | ४०,५०,००० |
| ५ | गोरखा शैक्षिक गुणस्तर अभिवृद्धि परियोजना | गोरखा | २८,००,००० |
| ५ | समुदाय सशक्तिकरण, जीविकोपार्जन विकास तथा स्वास्थ्य प्रवर्द्धन : पाल्हीनन्दन | नवलपरासी पश्चिम | ९१,३७,००० |
| ६ | बाल शैक्षिक सहयोग परियोजना | कास्की | १,००,४३,२९८ |
| ७ | भूकम्प प्रतिकार्य चौंथो चरण | जाजरकोट | १,१३,०२,००० |
| ८ | किशोरावस्थामा लागूपदार्थ दूर्व्यसनीविरूद्ध सचेतना परियोजना | कास्की | १४,००,००० |
| ९ | कृषकहरूको जीविकोपार्जन सुधार तेस्रो चरण परियोजना | नवलपरासी पूर्व, तनहुँ | २६,४६,२८२ |
| १० | युवाहरुको रोजगारी र आय अभिवृद्धि परियोजना | नवलपरासी पूर्व | ४५,३१,५८० |
| ११ | नवजीवन परियोजना | कास्की | ५१,१०,००० |
| १२ | खडेरी विपद् प्रतिकार्य परियोजना | रौतहट | १३,६७,४१० |
| १३ | असल छिमेकी नेपालको क्षमता तथा पूर्वाधार विकास परियोजना | कास्की | १,३४,००,००० |
| | **कुल रकम** | | **७,५५,५३,४६६** |

**आर्थिक वर्ष २०८२/८३ का लागि अपेक्षित आय विवरण :**

| क्र. सं | आय स्रोत | रकम (रू) |
|---|---|---|
| १ | बाह्य स्रोत | ६,६१,५२,९८० |
| २ | आन्तरिक स्रोत | ९४,००,४८६ |
| | **कुल रकम** | **७,५५,५३,४६६** |

नोटः उपरोक्त कार्यक्रम तथा बजेट र आय विवरणमा समुदायको आवश्यकताबमोजिम र बजेटको उपलब्धता अनुसार केही परिमार्जन हुन सक्नेछ ।

# प्रकाशित समाचारहरु
























# ACKNOWLEDGEMENT TO ALL OUR FUNDING PARTNERS AND SUPPORTERS FOR FY 2080/81

UK

INTERNATIONAL NEPAL FELLOWSHIP
AUSTRALIA

INTERNATIONAL NEPAL FELLOWSHIP
NEPAL

SHANTI CHARITABLE TRUST

SEED OF HOPE

## OTHER ORGANIZATIONS, CHURCHES, FAMILIES AND INDIVIDUALS

## APPROVAL AND COORDINATION

ASAL
CHHIMEKEE
NEPAL
ACN


ADDRESS

Asal Chhimekee Nepal
P.O.Box. 263
Pokhara-1, Simpani

PHONE

061-527515
061-584159

E-MAIL

info@acn.org.np


For our stories and news, please visit
www.acn.org.np

Find us:



# ANNUAL REPORT 2081/82